# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७०) काठमाडौं, पुस ५ गते, २०७७ साल (अतिरिक्ताङ्क ३६

# भाग ४

## राष्ट्रपतिको कार्यालयको

### सूचना

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीले नेपालको संविधानको धारा ७६ को उपधारा (१) र (७) तथा धारा ८५ एवं संसदीय प्रणालीको आधारभूत मर्म एवं मूल्य मान्यता तथा हाम्रो आफ्नै र संसदीय प्रणाली भएका विभिन्न मुलुकहरूको अभ्यास बमोजिम सङ्घीय संसदको वर्तमान प्रतिनिधि सभा विघटन गरी ताजा जनादेशका लागि नेपाली जनता समक्ष जान संवत् २०७८ साल वैशाख १७ गते शुक्रबार पहिलो चरणमा र संवत् २०७८ साल वैशाख २७ गते

सोमबार दोस्रो चरणमा अर्को प्रतिनिधि सभाको निर्वाचन सम्पन्न गर्ने गरी निर्वाचनको मिति तोक्न नेपाल सरकार, मन्त्रिपरिषद्को बैठकबाट निर्णय भई सोही बमोजिम प्रधानमन्त्रीबाट सिफारिस भएकोले उक्त सिफारिस बमोजिम सङ्घीय संसदको वर्तमान प्रतिनिधि सभा विघटन गरी संवत् २०७८ साल वैशाख १७ गते शुक्रबार पहिलो चरणमा र संवत् २०७८ साल वैशाख २७ गते सोमबार दोस्रो चरणमा प्रतिनिधि सभाको निर्वाचन सम्पन्न गर्ने गरी निर्वाचनको मिति तोक्नु भएकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
डा. हरि पौडेल
सचिव ।



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू ५।-
गो.हु.द.नं. १६।२०६२।६३